# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाडौं

मिति: २०७६।०३।०४ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------

प्रहरी प्रधान कार्यालय, नक्साल विशेष व्यूरोमा कार्यरत पूर्व प्रहरी नायव निरीक्षक सरोज क्षेत्रीले भारतीय नक्कली प्रमाणपत्र पेश गरी सरकारी नोकरीमा प्रवेश गरी बढुवा समेत भईरहेको अवस्थामा निजको प्रमाणपत्र छानविन गरी कारवाही गरीपाँउ भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज प्रहरी नायव निरीक्षक सरोज क्षेत्री के.सी.ले माध्यमिक शिक्षा परिषद, हरिश्चन्द्र इन्टर कलेज, वरहज, देवारिया, उत्तरप्रदेश भारतबाट प्राईभेट आइ.कम. पास गरेको नक्कली एवं झुट्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी प्रहरी सहायक निरीक्षक पदमा नियुक्ति लिई प्रहरी नायव निरीक्षक समेतको ओहदामा बढुवा भएको पुष्टि हुन आएको हुँदा निज सरोज क्षेत्री के.सी.ले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९(२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसुर गरेको देखिएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९(२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदाबी लिई मिति २०७६/०३/०१ गते विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)
प्रवक्ता